लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स ०८०/०८१

च.न

मिति २०८०।०८।०७

सूचना　　　　सूचना　　　　सूचना

श्री सम्बन्धित सबै,

प्रस्तुत विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाण्डौं च.नं. ०८०/०८१/३३३ मिति २०८०/०६/१६ को प्राप्त पत्रानुसार वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई स्वदेशमानै उधमशिलता विकास गर्न सक्ने गरी सीप विकास तालिम प्रदान गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस लिखु गाउँपालिकामा स्थायी वासी रहनुभएका "वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको अद्यावधिक लगत विवरण आवश्यक परेको हुनाले वैदेशिक रोजगार बाट फर्केका व्यक्तिहरुले (पुनः एकीकरण कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ अनुसुची ३ को (दफा १५ उपदफा १) बमोजिमको ढाँचामा रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा मिति २०८० पौष १० गतेभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च : अनुसुची ३ फाराम रोजगार सेवा केन्द्र एवं वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।**

बोधार्थः

वडा कार्यालय (१-६) सबै

खिमा कुमारी सुवेदी

रोजगार संयोजक

२०८०।०८।०७

कृष्ण प्रसाद घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचा- ३

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रोजगार संयोजकज्यू,
रोजगार सेवा केन्द्र,
लिखु गाउँपालिका
नुवाकोट

विषयः लाभग्राहीमा सूचीकृत गरी पाऊँ ।

उपर्युक्त सम्बन्धमा म.................................. वैदेशिक रोजगारीको क्रममा..................देश रोजगारीमा गई..........................सीप / ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु।

१. निवेदकको :-
(क) नाम थरः..............................................................................
(ख) स्थायी ठेगानाः..............................................................................
(ग) अस्थायी ठेगानाः. ..............................................................................
(घ) राहदानी नं.: ..............................................................................
(ङ) नागरिकता नं.: ..............................................................................
(च) श्रम स्वीकृति लिएको मितिः..............................................................................
(छ) काम गर्न गएको मितिः. ..............................................................................
(ज) रोजगारीको लागि गएको देशः. ..............................................................................
(झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः..............................................................
(ञ) नेपाल फर्किएको मितिः..............................................................................
(ट) रोजगारीको प्रकारः..............................................................................
(ठ) हासिल गरेको सीप / ज्ञानः..............................................................................
(ड) करार अवधिः ..............................................................................
(ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकारः........................
(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्नेः..............................................................
(त) शैक्षिक योग्यता : ..............................................................................
२. बाबु आमाको नामः ..............................................................................
३. पति / पत्नीको नामः.. ..............................................................................
४. संलग्न कागजातहरुः..............................................................................

माथी पेश गरेको विवरण ठीक साँचो छ । फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

| दाँया | बाँया |
| --- | --- |
| | |

हस्ताक्षरः
नाम थरः
जिल्लाः नुवाकोट
गा.पा./न.पा.:लिखु गाउँपालिका
वडा नं.:

निवेदन दिएको मिति :
सम्पर्क न.: